नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक




वर्ष ३४ अंक ८६ २०८१ साल कात्तिक ११ गते आइतबार (27 Oct. 2024 Sunday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'राजनीतिक सहमतिका साथ संविधान... ३ पृष्ठमा : विपद्‌जन्य घटना : तीन अर्ब ४४ ... ३ पृष्ठमाइजरायलद्वारा इरानमा क्षेप्यास्त्र...

## राहत वितरणका क्रममा भएको धाँधली र गरिएको हातपात बारे स्थानीयद्वारा छानबिनको माग



**दैनिक समाचारदाता राजबिराज, १० कात्तिक ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ४ कोइलाडीमा राहत वितरण प्रक्रियामा भएको धाँधली र सोही क्रममा वडाअध्यक्षबाट एक लाभग्राही माथी भएको हातपात बारे स्थानीयले छानबिन गरी दोषी माथी कारबाहीको माग गरेका छन् ।

शनिवार घटनास्थलमै पीडितपक्षले पत्रकार सम्मेलनको आयोजना गरी यस्तो माँग गरेका हुन् ।

ठुलो संख्यामा भेला भएका स्थानीयले अघिल्लो दिन बिहीवार वडा नं. ४ कार्यालयद्वारा विपद् प्रभावित महिला तथा किशोरीहरुका लागि आयोजित किड्स वितरण कार्यक्रममा वडाअध्यक्ष मुनिलाल मुखियाले सोही वडा निवासी डोमी सुतिहारलाई हातपात गरेको गुनासो गर्दै उनीमाथी कारबाहीको माग गरेका छन् ।

उनीहरुले किड्स वितरणमा मात्र नभई बाढी प्रभावित परिवारका लागि नगद् १५ हजार रुपैयाँ राहत वितरण कार्यमा समेत धाँधली भएको भन्दै सोको छानबिन हुनु पर्ने माँग गरेका छन् ।

पत्रकार सम्मेलनमा स्थानीयबासी डोमी सुतिहारले बाढी प्रभावित परिवारका लागि वडा कार्यालयले चलाएको विकड्स वितरण कार्य मनपरी ढंगले भइ रहेको देखे पछि विरोध गर्दा एक्कासी वडा अध्यक्ष मुखियाले आफुमाथी मुक्का बर्साउन थालेको गुनासो पोखे ।

स्थानीय समाजसेवी सुरजित सिंह गुड्डुले १५ हजार नगद र किड्स वितरण दुवै राहत कार्यमा वडाअध्यक्षले आफ्नो आसे पासे, कार्यकर्ता र आफन्तलाई प्राथमिक्तामा राखेको बताए । उनले पाउनु पर्ने वास्तविक पीडितलाई छुट्याएर मनपरी ढंगले गरिएको राहत वितरण प्रक्रियाको उच्चस्तरीय छानबिन हुनुपर्ने

*बाँकी अन्तिम पृष्ठमा*

## नागरिक समाजले लोकतन्त्र मैत्री दबाव आन्दोलन स्वरुपका लागि साइकल यात्रा गर्दै



**दैनिक समाचारदाता राजबिराज, १० कात्तिक ।**
नागरिक समाज नेपालको अगुवाईमा कात्तिक १६ गतेदेखि राजविराजबाट मधेश प्रदेशको राजधानी जनकपुरसम्मको साइकल यात्रा गरिने भएको छ ।

शनिवार राजविराजमा समाजका संयोजक प्रा. कुमार कमलेन्द्रमले पत्रकार सम्मेलनको आयोजना गरी यस्तो जानकारी दिएका हुन् ।

लोकतन्त्र मैत्री दबाव आन्दोलन स्वरुप राजविराजस्थित गजेन्द्र चौकबाट ५ दर्जनभन्दा बढी नागरिक अगुवाको

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

### अपाङ्गता भएका व्यक्तिहरुप्रति सरोकारवाला निकायको ध्यान पुगोस्

सरकारले उपलब्ध गराएका सेवासुविधाबाट अपाङ्गता भएका व्यक्तिहरु अझै बञ्चित छन् । यसको कारण हो ती व्यक्तिहरुको विस्तृत तथ्याङ्क सरकारसँग नहुनु । दुर्गम र गरिबीको अवस्थामा रहेका पूर्ण अशक्त, अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरूको सही तथ्याङ्क नरहेको अवस्थामा उनीहरु राज्यबाट उपलब्ध हुने सेवा सुविधाबाट बञ्चित नै रहीरहन्छन् । अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरुपको सहायक सामग्री वितरणका लागि 'सहायक प्रविधि सामाग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड २०७८' जारी गरिएको भएपनि सरकारी संयन्त्रहरूमा नै यसको प्रयोग गरिएको पाइँदैन । यसकारण राज्य प्रदान गर्दै आएको सेवा सुविधामा तथ्याङ्गत रुपमा स्पष्ट हुन सकेको छैन् ।

पूर्ण अशक्त, बौद्धिक, अटिजम, हेमोफिलिया, डाउन सिन्ड्रोम, श्रवण दृष्टिविहीन, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराउन सकिएको छैन् । भौतिक संरचना र सञ्चार सेवाहरू अपाङ्गता मैत्री नभएका कारणले धेरै अपाङ्ता भएका व्यक्तिहरूको दैनिकी जीवन कष्टकर बनेको छ । उनीहरूले अन्य सरह सेवासुविधा र अवसरहरू उपयोग गर्नबाट बञ्चित छन् । यसबाहेक अपाङ्गता भएका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका छन् । विद्यालयमा पढ्दै गरेका बालबालिकाहरूले पनि अझै अन्य व्यक्तिसरह समान रूपमा शैक्षिक गतिविधिमा सहभागी हुन पाइरहेका छैनन् ।

यसर्थ प्रदेश र स्थानीय स्तरका जनप्रतिनिधिहरू नै राम्रोसँग जानकार नहुँदा उनीहरूका लागि बनेका ऐन, कानुन, नीति, नियमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तसर्थ अपाङ्गता आफैँमा एउटा बहुआयामिक समावेशी विकासको सवाल भएकाले यसलाई सम्बोधन गर्न सबै सरोकारवाला निकायको ध्यान पुगोस् ।

# 'राजनीतिक सहमतिका साथ संविधान संशोधनको प्रक्रिया अगाडि बढ्छ'

काठमाडौँ, १० कात्तिक (रासस) । गृहमन्त्री रमेश लेखकले प्रारम्भिक सय दिनमा गरेका काममा आधारमा वर्तमान सरकार सफलतापूर्वक अगाडि बढिरहेको बताउनुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको सत्ता साझेदार राजनीतिक दलहरूको बैठकपछि सञ्चारकर्मीको जिज्ञासामा उहाँले संविधानले प्रत्याभूत गरेको व्यवस्थालाई थप सुदृढ गर्न र जनजीविकाका सवालमा जनतालाई बढीभन्दा बढी सुविधा प्रदान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

गृहमन्त्री लेखकले बाढी पहिरोलगायत प्राकृतिक विपत्तिबाट भएको जनधनको क्षतिको पीडालाई सम्बोधन गर्न सरकार सचेतनापूर्वक अगाडि बढ्नुपर्छ भन्ने विषयमा सत्ता साझेदार दलहरूको बैठकले पनि दृढताका साथ प्रतिबद्धता व्यक्त गरेको जानकारी दिनुभयो ।

सरकारको फेरबदल हुन्छ भन्ने निरर्थक र भ्रमपूर्ण हल्लाको पछाडि कुनै तर्क र अर्थ नरहेको भन्नुहुँदै उहाँले वर्तमान सरकार बहुमतका साथ अगाडि बढिरहेकाले त्यस्तो भ्रममा नपर्न आग्रह गर्नुभयो ।

गृहमन्त्री लेखकले सत्ता साझेदार दलहरूबीच आगामी दिनमा निरन्तर बैठक बसी जनजीविकालगायत समसामयिक विषयमा छलफल हुने जानकारी दिनुभयो ।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशी चरित्रको राज्य निर्माण गर्ने संविधानको आधारभूत मान्यता छ, त्यसलाई हामीले अङ्गीकार गरेका छौँ, ती व्यवस्थालाई थप सुदृढ गर्न, थप जीवन्त र सबल बनाउने उद्देश्यका साथ संविधान संशोधन गर्ने भनेका हौँ", उहाँले भन्नुभयो,"संविधानको अभ्यासबाट देखिएका सबल पक्षहरूको समीक्षा गर्दै सबैका बीचमा राजनीतिक सहमति निर्माण गरेर संशोधनको प्रक्रियामा जाने छौँ ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले सरकारमा रहेका र समर्थन गर्ने सात राजनीतिक दलले साझा न्यूनतम कार्यक्रमका आधारमा सरकारको सय दिनको समीक्षा गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "आगामी दिनमा सरकारलाई कसरी प्रभावकारी बनाउने भन्नेमा छलफल गरी निष्कर्ष निकालेका छौँ । सरकारले गरेका राम्रा कामहरूको समर्थन गर्दै आगामी दिनमा गर्न खोजेका कामहरूलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाउने प्रतिबद्धता जनाइएको छ ।"

बैठकले शान्ति प्रक्रियाका बाँकी कामलाई टुङ्ग्याउने विषयमा देखापरेका कानुनी अड्चनलाई हटाउने सन्दर्भमा सफलता प्राप्त गरेको भनी सन्तोष प्रकट गरेको जानकारी दिनुहुँदै महासचिव पोखरेलले सङ्क्रमणकालीन न्यायलाई अविलम्ब टुङ्ग्याउनका लागि सम्बन्धित सरोकारवाला पक्षको सहयोगको अपेक्षा गरिएको बताउनुभयो । "वर्तमान सरकार गठनपछि कानुनी सुधारका पक्षमा अनुकूल वातावरण बन्दै गइरहेको छ । औद्योगिक वातावरण तयार गर्ने सन्दर्भमा कानुनी सुधार गरी उद्योगी व्यवसायीलाई आशावादी तुल्याउने काम सरकारले गरेको छ", उहाँले अगाडि भन्नुभयो ।

सुधारको प्रक्रियाबाट निजी क्षेत्र आशावादी बनेको र यसबीचमा पुँजीगत खर्चमा वृद्धि हुनाका साथै राजस्व वृद्धिमा भइरहेको सुधारले अर्थतन्त्रमा सकारात्मक सङ्केत देखिएको बैठकको निष्कष रहेको महासचिव पोखरेलको भनाइ थियो । उहाँले सहकारी बचत रकम दुरुपयोगको सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले तयार गरेको प्रतिवेदनका आधारमा छानबिनको प्रक्रिया अगाडि बढिरहेको छ भन्नुभयो । "यस प्रक्रियालाई अनुचित ढङ्गले प्रभावित पार्ने कुनै प्रकारका गतिविधिहरू नगर्न बैठकले सामूहिक रूपमा अनुरोध गरेको छ । न्यायिक निरूपणको प्रक्रियामा निर्दोष कोही नफस्ने र दोषी उम्कन नसक्ने हिसाबले निष्पक्ष र पारदर्शी तरिकाले छानबिनको प्रक्रिया अगाडि बढिरहेकाप्रति आश्वस्त हुन अनुरोध गरिएको छ", उहाँले सञ्चारकर्मी माझ भन्नुभयो ।

# अन्तर्राष्ट्रिय बजारमा तयारी चियाको माग बढी, उत्पादनमा कमी

इलाम, १० कात्तिक (रासस) । जिल्लामा उत्पादित तयारी चियाको माग अन्तर्राष्ट्रिय बजारमा बढी भए पनि यस वर्ष उत्पादनमा कमी आएको छ । भारत, चीन, फ्रान्सलगायत देशबाट तयारी चियाको माग आउने गरेको चिया व्यवसायी बताउँछन् ।

इलाम नगरपालिका-५ बिब्ल्याँटेका चिया व्यवसायी शरद् सुब्बाले यसवर्ष विदेशी व्यापारीले दुई हजार किलो 'स्पेसल टी' माग गरेकामा उत्पादनमा कमी आएकाले एक हजार पाँच सय किलो चिया मात्र उपलब्ध गराउने सकिने बताउनुभयो ।

"सुइरोबाट बनाइने तयारी चियाको माग विदेशी बजारमा बढी छ", उहाँले भन्नुभयो, "उहाँहरूले पहिला नै रकम पठाएर आवश्यकताअनुसार 'बुकिङ' गर्नुहुन्छ । उत्पादनमा कमी आएकाले मागअनुसार निर्यात गर्न सकिरहेका छैनौँ ।"

कोरोना महामारीका बेलादेखि निर्यात रोकिएको चियाको अन्तर्राष्ट्रिय बजार विस्तारै चलायमान बन्दै गएको सुब्बाले बताउनुभयो । यस वर्ष तेस्रो मुलुकबाट तयारी चियाको माग बढी आएको उहाँले जानकारी दिनुभयो ।

यहाँको तीनजुरे चिया कारखानाले यस वर्ष 'गोल्डेन ब्याल्क', 'ग्रीन टी'लगायत फरक स्वाद र गुणस्तरका २० क्विन्टल तयारी चिया फ्रान्स पठाएको कारखानाका व्यवस्थापक दिनेश श्रेष्ठले जानकारी दिनुभयो । गत वर्ष एक हजार तीन सय किलो तयारी चिया उत्पादन भएको थियो ।

ल९ी गत वर्ष चीनमा आयोजित अन्तर्राष्ट्रिय टी एक्पोमा तीनजुरे 'ग्रान्ड गोल्ड' विधिमा पुरस्कार पाउन सफल भएको उल्लेख गर्दै व्यवस्थापक श्रेष्ठले यस वर्ष अन्तर्राष्ट्रिय बजारको माग पनि बढेको बताउनुभयो ।

यस वर्ष ग्रीनहिल चिया उद्योगले आठ हजार तयारी किलो चिया भारतसहित तेस्रो मुलुकमा निर्यात गरेको उद्योगका सञ्चालक टङ्क दाहालले जानकारी दिनुभयो । "मागअनुसारको गुणस्तरीय चियाको परिमाण दिन सकिएको छैन", उहाँले भन्नुभयो, "यो वर्ष हरियोपत्ती गत वर्षभन्दा कम उत्पादन भएकाले आवश्यकता र मागअनुसार तयारी चिया निर्यात गर्न सकिएको छैन ।"

ग्रिनहिलमा गत वर्ष ५५ हजार किलो तयारी चिया उत्पादन भएको जनाउँदै यस वर्ष ४० देखि ४२ हजार किलोमात्र उत्पादन हुने अनुमान गरिएको सञ्चालक दाहालले बताउनुभयो ।

झापास्थित मेची भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षमा रु तीन अर्ब १६ करोड ३८ लाखको तयारी चिया यहाँबाट निकासी भएको थियो । एक करोड ३४ लाख ३३ हजार आठ सय ५८ किलो चिया निकासी भएको कार्यालयले जनाएको छ ।

नेपालमा उत्पादन हुने चियामध्ये १० प्रतिशत मुलुकभित्रै खपत हुने गरेको राष्ट्रिय चिया तथा कफी विकास बोर्डले जनाएको छ । करिब २० प्रतिशत तेस्रो मुलुक र बाँकी भारत जाने गरेको बोर्डका कृषि विकास अधिकृत इन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो । मौसममा आएको परिवर्तनले गत वर्षको तुलनामा यस वर्ष हरियो चिया उत्पादनमा कमी आएको उहाँले बताउनुभयो ।

बोर्डले अर्गानिक चिया उत्पादन बढाउन किसानलाई तालिमसहित प्राविधिक सहयोग गर्दै प्रोत्साहन वृद्धि गर्ने कार्याक्रम ल्याउने योजना बनाइरहेको अधिकारीले जानकारी दिनुभयो । "गत वर्ष एक हजार तीन सय किसानका गोठ सुधार गरेका छौँ । गोठ सुधारसँगै गोबरबाट बनेको मलको उचित व्यवस्थापनमा किसानलाई सहयोग गरिरहेका छौँ", उहाँले भन्नुभयो, "चिया निर्यातमा अनुदानका कार्यक्रम सञ्चालन भइरहेका छन् ।"

पहिले अन्तर्राष्ट्रिय बजारमा चियाको माग कम हुने गरेकामा अहिले प्रचारप्रसारका कारण माग बढ्दै गएको कृषि विकास अधिकृत अधिकारीले जानकारी दिनुभयो । तेस्रो मुलुकका व्यापारीले चियाको उचित मूल्य दिएसँगै यहाँका व्यापारी तथा किसान पनि प्रोत्साहित भएकाले आगामी दिनमा उत्पादन वृद्धि हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

इलाममा आठ हजार आठ सय ७६ किसान चियाखेतीमा आश्रित छन् । जिल्लाको सात हजार दुई सय ३६ हेक्टर जमिनमा चियाखेती हुँदै आएको छ ।

# संविधान संशोधन प्रक्रिया अघि बढाउनुपर्नेमा जोड

काठमाडौँ, १० कात्तिक (रासस) । नेपालको संविधान जारी भएको १० वर्षका अवधिलाई सूक्ष्म रूपमा मूल्याङ्कन गरी देश र जनताका पक्षमा संविधान संशोधन गर्नुपर्ने धारणा व्यक्त गरिएको छ ।

प्रजातान्त्रिक विचार समाजद्वारा शनिबार यहाँ आयोजित 'बधाई तथा सम्मान कार्यक्रमसहित संविधान संशोधन' विषयक छलफलका अवसरमा वक्ताहरूले प्रजातान्त्रिक मूल्यमान्यता र समावेशी सिद्धान्तलाई आत्मसात् गरी संविधान संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । संविधान संशोधनको मुद्दालाई प्राथमिकतामा राखी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) जस्ता दुई ठूला राजनीतिक दल सम्मिलित सरकार गठन भएको विद्यमान सन्दर्भमा बौद्धिकजगत्सहित आमनागरिकबाट ठोस रायसुझावको अपेक्षा गरिएको उहाँहरूले बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, समाजसेवालगायत अधिकांश क्षेत्रमा अस्वस्थ, गैरजिम्मेवार एवं विवेकहीन राजनीति हावी भएको चर्चा गर्दै वक्ताहरूले समयसापेक्ष एवं जनमुखी संविधानका पक्षमा वकालत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अहिले शिक्षा, स्वास्थ्य, बैङ्क तथा वित्तीय संस्थाजस्ता सेवामूलक क्षेत्रमा समेत राजनीतिक गतिविधिले प्रश्रय पाउनु दुःखद भएको धारणा व्यक्त गर्दै वक्ताहरूले पेसा-व्यवसायका रुपमा भन्दा सेवाभावसहितको संस्कारयुक्त राजनीतिक प्रणाली स्थापनाका पक्षमा उभिन समग्र

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद्जन्य घटना : तीन अर्ब ४४ करोड मूल्य बराबरको क्षति

बागमती, १० कात्तिक (रासस) । बाढी, पहिरो, डुबान, आगलागीजस्ता विपद्बाट चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनाको अवधिमा बागमती प्रदेशको उपत्यकाबाहेक १० जिल्लामा एक सय ९१ जनाको मृत्यु भएको छ ।

सबैभन्दा बढी यही असोज ११ र १२ गतेको वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी एक सय ७७ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडा प्रवक्ता प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीका अनुसार चालु आव २०८१/८२ को साउनदेखि असोजसम्ममा पहिरोबाट एक सय ५७ जना, बाढीमा बगाएर ११ जना र डुबेर नौ जनाको मृत्यु भएको छ ।

यस्तै सो अवधिमा करेन्ट लागेर आठ जना, चटचाङ लागेर चार जना र आगलागी तथा जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । सो अवधिमा विपद्का घटनामा परी एक सय ७३ जना घाइते र ११ जना अझै बेपत्ता रहेको उहाँको भनाइ छ । घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको र बेपत्ताको खोजीकार्य जारी रहेको जनाएको छ ।

विपद्बाट ती जिल्लामा नौ हजार सात सय ७८ पंक्षी र पाँच सय १६ चौपायाको मृत्यु भएको प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो । सो अवधिमा भएका विपद्का घटनाबाट एक सय ७१ पक्की, छ सय ७३ कच्ची घर र एक सय ६१ गोठ क्षतिग्रस्त भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ । सो कार्यालयका अनुसार विपद्बाट ९३ सवारी साधन तथा २० उद्योग क्षतिग्रस्त भएको छ । यस अवधिमा विभिन्न जिल्लाका ८३ विद्यालय र १२ वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिनुभयो ।

बाढी, पहिरोजन्य विपद्बाट सो अवधिमा ४८ वटा पक्की तथा झोलुङ्गे पुलमा क्षति पुग्दा विपद्बाट रु तीन अर्ब ४४ करोड ५३ लाख ६१ हजार नौ सय ६० मूल्य बराबरको धनमालको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ ।

पुल तथा सडक बगाएपछि सङ्घीय राजधानी काठमाडौँलाई जोड्ने धेरै सडक अवरुद्ध भएको र विस्तारै मर्मतसम्भार गरी क्रमशः सञ्चालन भइरहेको प्रवक्ता प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो ।

# अविरल वर्षाबाट १५ करोड बराबरको फूल नोक्सान

काठमाडौँ, १० कात्तिक (रासस)। गत असोज ११ र १२ गते परेको अविरल वर्षाको कारण पुष्पखेतीमा समेत क्षति पुऱ्याएको छ । यसबाट सयपत्री फूलको मूल्य बढ्ने भएको छ ।

फूल्न थालिसकेको फूल वर्षाकै कारण नोक्सान भएपछि तिहारमा भारतबाट १५ लाख माला आयात गर्ने तयारी रहेको फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष दिलीप बादेले जानकारी दिनुभयो ।

गत वर्ष रु ६५ देखि ७० सम्म एउटा मालालाई परेको भए पनि यस वर्ष प्रतिगोटा रु ८० देखि ८५ सम्म होलसेल मूल्य पर्ने उहाँले बताउनुभयो । अविरल वर्षाले कारण करिब रु १५ करोडको फूल नोक्सान भएको थियो ।

अध्यक्ष बादेका अनुसार बजार मागअनुरुपनै गत वर्षको तुलनामा यस वर्ष सात लाख बढी सयपत्री फूल मालाको माग छ । गत वर्षको तिहारमा ३३ लाख माला खपत भएको थियो । बजार मागको ६० प्रतिशत फूल काठमाडौँ उपत्यकामा प्रयोग हुने गरेको छ ।

यस वर्षको तिहारका लागि ४० लाख सयपत्री फूलमालाको बजार माग रहेको छ । फ्लोरिकल्चर एसोसिएसनका अनुसार यस वर्षको तिहारमा बजार माग ४० लाख मालाको रहेको र स्वदेशी उत्पादन २५ लाख माला मात्र रहेकाले यस वर्षको तिहारमा १५ लाख सयपत्री माला भारतबाट आयात गर्न लागिएको हो ।

बजार माग हरेक वर्ष १५ देखि २० प्रतिशतसम्म वृद्धि हुने तर उत्पादन भने बढीमा १० प्रतिशतले मात्र वृद्धि हुने गरेको छ । विशेष गरी तिहारमा प्रयोग हुने मखमली र गोदावरी फूल स्वदेशी उत्पादनले नै पुग्ने गरेको भए पनि तिहारमा प्रयोग हुने सयपत्री र प्रणय दिवसमा प्रयोग गरिने रातो गुलाब भने छिमेकी मुलुक भारतबाट ल्याउनुपर्ने बाध्यता अझै टरेको छैन ।

नेपालमा विसं २००७ देखि सुरु भएको पुष्प व्यवसाय सहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको छ । फूलको मागमा आएको वृद्धिसँगै काठमाडौँ उपत्यकाको तीन जिल्लासहित कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ वटा जिल्लामा पुष्पखेती विस्तार भएका छन् ।

व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ । यस व्यवसायबाट ४४ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष अप्रत्यक्षरूपमा लाभ लिएका छन् । नेपालमा लगभग दुई सय २१ हेक्टर क्षेत्रफलमा एक हजार एक सय ८४ व्यवसायीले पुष्पखेती गरेका छन् ।

# पूर्वीनाकाबाट पर्यटक आगमन बढ्यो

झापा, १० कात्तिक (रासस) । पूर्वीनाका काँकडभिट्टाबाट पर्यटकको आगमन बढेको छ । विगत दुई महिनामा यहाँबाट आठ सय ९० जना तेस्रो मुलुकका नागरिक नेपाल प्रवेश गरेको अध्यागमन कार्यालय काँकडभिट्टाले जनाएको छ ।

कोरोना महामारीपछि चार वर्षसम्म अवरुद्ध रहेको पर्यटक आवागमन दुई महिनाअघि मात्र खुल्ला भएको थियो । सन् २०२४ को सेप्टेम्बर महिनामा यस नाका भएर दुई सय ८७ जना तेस्रो मुलुकका नागरिक नेपाल प्रवेश गरेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले बताउनुभयो ।

अक्टुबर महिनामा तेस्रो मुलुकका नागरिकको आगमन बढेर ६ सय तीन पुगेको उहाँले जानकारी दिनुभयो । आगामी दिनमा आगमन अझ बढ्ने सम्भावना छ । भारत सरकारले कोरोना महामारी सुरु भएदेखि काँकडभिट्टासँग जोडिएको भारतीय नाका पानीटङ्कीबाट तेस्रो मुलुकका नागरिकलाई आउजाउ गर्न निषेध गर्दै आएको थियो । नेपालको निरन्तर दबाबपछि यही अगस्तदेखि तेस्रो मुलुकका नागरिकको आवतजावतका लागि भारतले नाका खुला गरेको हो ।

भारतको पानीटङ्की नाका हुँदै काँकडभिट्टाबाट नेपाल प्रवेश गर्ने तेस्रो मुलुकका नागरिकमा भूटानीको सङ्ख्या अधिक रहेको छ । विगतमा बङ्गलादेशी नागरिकको लर्को लाग्ने गरेकामा हाल बङ्गलादेशी नागरिकको आगमन नगण्य छ । अध्यागमन अधिकृत भट्टराईका अनुसार सेप्टेम्बर महिनामा नेपाल प्रवेश गरेका दुई सय ८७ जना तेस्रो मुलुकका नागरिकमा भूटानीको सङ्ख्या एक सय ६८ र अमेरिकी ५४ र अस्ट्रेलियन चारजना रहेका छन् ।

यसैगरी, अक्टुबरमा तेस्रो मुलुकबाट नेपाल आएकाको कुल सङ्ख्या ६ सय तीन रहेकामा भूटानी तीन सय ४६, अमेरिकी एक सय ३० र अस्ट्रेलियन २३ जना रहेको भट्टराईले बताउनुभयो । "काँकडभिट्टा नाका भएर आउने तेस्रो मुलुकका नागरिकमध्ये आधाजसो भूटानी नागरिक छन्," अध्यागमन अधिकृत भट्टराईले भन्नुभयो, "धेरैजसो भूटानी नागरिक धार्मिक तीर्थाटन र थोरैजसो भेटघाटका लागि आउनु हुँदोरहेछ ।"

घुमफिरका लागि आउने भूटानी नागरिकहरूले लुम्बिनी, फर्पिङ र हलेसी जाने बताउने गरेका छन् । भूटानीसहित सार्क मुलुकका नागरिकका लागि काँकडभिट्टा नाकामै 'अनअराइभल भिसा' जारी हुने व्यवस्था छभने एक वर्षमा एक खेपमा ३० दिन अवधिसम्मको भिसा निःशुल्क हुने गरेको छ । "सार्क मुलुकका नागरिकका लागि एक भिसा वर्षमा ३० दिनसम्म निःशुल्क भिसा प्रदान गरिने व्यवस्था छ," भट्टराईले भन्नुभयो, "यो निःशुल्क सुविधाको भूटानी नागरिकले लाभ लिएको देखिन्छ । तीस दिनभन्दा बढी अवधिका लागि भिसा दिनु परेमा प्रत्येक दिनको तीन अमेरिकी डलरका दरले भिसा शुल्क लिने गरिएको छ ।" गैरआवासीय नेपाली नागरिक र शरणार्थीका रूपमा तेस्रो मुलुकमा पुनर्स्थापना भएका भूटानी नागरिकले नेपाल आउनका लागि काँकडभिट्टा नाका प्रयोग गर्न रुचाउने गरेको पाइन्छ ।

### *संविधान संशोधन ...*

देशवासीसँग अनुरोध गर्नुभयो ।

सो अवसरमा दक्षिण अफ्रिकाका लागि नवनियुक्त राजदूत प्राध्यापक कपिल श्रेष्ठले प्रजातन्त्र र मानवअधिकारलाई सदैव आत्मसात् गरी आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै देश र जनताको पक्षमा पदीय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपानेले मुलुकको न्याय, प्रशासन, धर्म, संस्कृति, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा देखिएका विकृति, विसङ्गति, ढिलासुस्तीको न्यूनीकरण एवं अन्त्यसहित राजनीतिक स्थायित्व, सुशासन र समृद्धिका लागि संविधान संशोधन हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संविधानसभा सदस्य जनदीशनरसिंह केसीले विद्यमान संविधानका कारण देशमा समस्या सिर्जना भएको हो भने संशोधनका लागि बौद्धिकजगत्‌बाट नेतृत्वदायी भूमिका निर्वाह हुनुपर्ने धारणा व्यक्त गर्दै व्यावहारिक एवं वस्तुनिष्ट ढङ्गबाट सुझाव दिन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो ।

प्रजातान्त्रिक विचार समाजका अध्यक्ष कुलचन्द्र वाग्ले र निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसीले केही संवैधानिक प्रावधान, शासकीय स्वरुप र शासन सञ्चालन विधि, कानुनी राज्य, शक्ति बाँडफाँटलगायतका मुद्दामा विभिन्न कोणबाट प्रश्न उठ्न थालेको यथार्थलाई मध्यनजर गरी संविधान संशोधनका पक्षमा आवश्यक बहस पैरवी गर्नुपर्ने समय आएको बताउनुभयो ।

कार्यक्रममा प्रजातान्त्रिक विचार समाजका सल्लाहकार प्रा श्रेष्ठ दक्षिण अफ्रिकाका लागि राजदूत पदमा नियुक्त हुनुभएकामा बधाईसहित सफल कार्यकालका लागि शुभकामना व्यक्त गरिएको थियो ।

## विश्व समाचार

### इजरायलद्वारा इरानमा क्षेप्यास्त्र आक्रमण

जेरुसेलम, १० कात्तिक (रासस/एएफपी) ।

इजरायलले इरानका विभिन्न सैन्य आधारमा शनिबार हवाई आक्रमण गरेको बताएको छ । इजरायली सेनाले आफ्नो आक्रमणले इरानको मिसाइल उत्पादन केन्द्रलगायत विभिन्न क्षेत्रमा क्षेप्यास्त्र आक्रमण गरेको जनाएको छ ।

त्यसैगरी, इरानले राजधानी तेहरान र देशका अन्य सैन्य आधारमा भागमा इजरायली आक्रमण भएको पुष्टि गरेको छ । इजरायलले अक्टोबर १ मा इरानमाथि गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ दिने वाचा गरेको थियो, जुन इस्लामिक गणतन्त्रले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि गरेको दोस्रो प्रत्यक्ष आक्रमण हो ।

"इजरायली सुरक्षा बल (आईएफ)को विमानले इरानले इजरायली राज्यमा प्रहार गरेको क्षेप्यास्त्र उत्पादन गर्न प्रयोग गरिने क्षेप्यास्त्र उत्पादन केन्द्रहरुमा प्रहार गरेको छ", इजरायली सेनाले एक विज्ञप्तिमा भन्यो । "त्यसैगरी, आइडीएफले अतिरिक्त इरानी हवाई क्षमताहरू प्रहार गरेको छ", सेनाले भन्यो, "यससँगै हाम्रो मिसन पूरा भएको छ ।"

सन् २०२३ को अक्टोबर ७ मा आफ्नो इतिहासको सबैभन्दा घातक आक्रमणपछि, इजरायलले गाजामा हमाससँग लडिरहेको छ, र गत महिनाको अन्त्यदेखि, यो लेबनानमा हिजबुल्लाहसँग युद्धमा रहेको छ ।

इजरायली सेनाले एक विज्ञप्तीमार्फत इरानबाट भइरहेको महिनौँको निरन्तर आक्रमणको प्रतिकार स्वरुप इरानी सैन्य लक्ष्यहरूमा सटीक आक्रमण गरिरहेको बताएको छ । आक्रमणपछि इरानले शनिबार सबै उडानहरू स्थगित गरेको उड्डयन प्राधिकरणले घोषणा गरेको छ । दमास्कसस्थित इरानको कन्सुलर एनेक्समा भएको घातक आक्रमणको बदलामा इरानले अप्रिलमा इजरायली क्षेत्रमा पहिलो पटक प्रत्यक्ष आक्रमण सुरु गरेको थियो ।

### इजरायलमाथि थप आक्रमण नगर्न इरानलाई अमेरिकाको आग्रह

वासिङ्टन, १० कात्तिक (रासस/एएफपी) ।

संयुक्त राज्य अमेरिकाले हिंसाको चक्र अन्त्य गर्न शनिबार इजरायलले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इरानलाई इजरायलमाथि थप आक्रमण नगर्न आग्रह गरेको छ ।

"हामी इरानलाई इजरायलमाथि आक्रमण नगर्न आग्रह गर्दछौँ ताकि द्वन्द्व यो चक्र थप वृद्धि नगरी अन्त्य गर्न सकियोस्", अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता सीन साभेटले पत्रकारहरूलाई भन्नुभयो ।

इजरायली सेनाले शनिबार इरानविरुद्ध सैन्य आधार र मिसाइल उत्पादन केन्द्रलगायत अन्य क्षेत्रहरूमा आक्रमण गरेको छ ।

"उनीहरूको प्रतिक्रिया आत्मरक्षाको अभ्यास थियो र इजरायलले जनसङ्ख्या भएका क्षेत्रहरुलाई असर नगर्ने गरी केवल सैन्य लक्ष्यहरू केन्द्रित आक्रमण गरेको थियो", उहाँले बताउनुभयो ।

इजरायलले इरानमा गरेको अक्रमणमा संयुक्त राज्य अमेरिकाको कुनै संलग्नता नरहेको कुरामा जोड दिँदै साभेटले भन्नुभयो, "मध्यपूर्व क्षेत्रमा तनाव कम गर्नु हाम्रो उद्देश्य हो ।"

### युक्रेनमा पुनः रूसी आक्रमण पाँचको मृत्यु

युक्रेन, १० कात्तिक (रासस/एएफपी) ।

युक्रेनमा शनिबार भएको रूसी क्षेप्यास्त्र आक्रमणमा पाँच जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । अधिकारीका अनुसार आक्रमणमा डिनिप्रो सहरमा एक बालकसहित तीन जनाको मृत्यु भएको थियो भने किभ र वरपरको क्षेत्रमा भएको आक्रमणमा एक किशोर र अर्को एक व्यक्तिको मृत्यु भएको थियो ।

डिनिप्रो सहरमा भएको आक्रमणमा परी १९ जना घाइते भएको तथा उक्त स्थानका भवनहरू क्षतिग्रस्त भएको मध्य डिनिप्रोपेट्रोभस्क क्षेत्रका गभर्नर सेर्गी लिसाकले बताउनुभएको छ ।

लिसाकलेसामाजिक सञ्जालमा सेयर गरेका तस्बिरहरूमा उद्धारकर्ताहरू भग्नावशेषमा उद्धारको काम गरिरहेको र अस्पतालको कोठाको झ्याल उडेको देखाइएको छ । उहाँका अनुसार आठ जना घाइतेहरुलाई उपचारका लागि अस्पतालमा भर्ना गरिएको छ ।

रूसले निरन्तर रुपमा किभसहित युक्रेनी सहरहरूमा घातक ड्रोन तथा क्षेप्यास्त्र आक्रमण गरिरहेको छ । मस्कोले ऊर्जा पूर्वाधार केन्द्रित आक्रमण बढाउदा किभले आफ्ना सहयोगीहरूबाट अझ बढी हवाई सुरक्षाको माग्दै आएको छ ।

### सुडानमा मानवीय सङ्कट निरन्तर बढ्दै गएको राष्ट्रसंघीय एजेन्सीको चेतावनी

न्यूयोर्क, १० कात्तिक (रासस/क्यूएनए) ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) र संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले लाखौं मानिसहरूलाई तत्काल सहायता चाहिएको उल्लेख गर्दै सुडानमा मानवीय सङ्कट निरन्तर बढ्दै गएको चेतावनी दिएका छन् ।

दुई एजेन्सीहरूले संयुक्त विज्ञप्ति मार्फत यस वर्ष पाँच वर्ष मुनिका ३७ लाख बालबालिका कुपोषणको जोखिममा रहेको जनाउदै उनरुहरुले पर्याप्त सहयोग सहायता प्राप्त नगरेमा रोगहरूबाट मर्ने सम्भावना ११ गुणाले बढ्ने चेतावनी दिएका छन् ।

उनीहरूले सबै प्रभावित समुदायहरूमा दिगो उपस्थिति राख्न अनुमतिसहित सहायता र प्राविधिक सहयोग प्रदान गर्न जिम्मेवार राष्ट्रसङ्घीय एजेन्सीको महत्वलाई जोड दिएका छन् ।

विशाल चुनौतिहरूको बावजुद, युएनएचसीआर र युनिसेफले सुडानका प्रभावितलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतालाई नवीकरण गरी आपतकालीन आश्रय र पानीदेखि शिक्षा, स्वास्थ्य सेवा र मनोसामाजिक समर्थनलगायतका आधारभूत सेवाहरू प्रदान गरिरहेका छन् ।

सन् २०२३ अप्रिल १५ मा सुरु भएको सुडानको द्वन्द्वले आन्तरिक वा वाह्य रुपमा एक करोड दश लाख भन्दा बढी मानिसहरूलाई विस्थापित गरेको छ भने लाखौंलाई भोकमरीको सँघारमा धकेलेको जसमा अधिकांश महिला तथा बालबालिका रहेका छन् ।

# महोत्तरीलाई अन्तर महिला क्रिकेट प्रतियोगिताको उपाधी




**दैनिक समाचारदाता**
**राजबिराज, १० कात्तिक ।**

राजबिराजमा संचालित अन्तर हब टि-ट्वान्टी महिला क्रिकेट प्रतियोगिताको उपाधी महोत्तरीले जितेको छ ।

सप्तरी क्रिकेट संघको समन्वयमा सबल नेपालद्वारा संचालित तथा एमसिसी फाउन्डेशन र सिडब्लुबीको सहयोगमा आयोजित उक्त प्रतियोगिताको शनिबार सम्पन्न फाइनल खेलमा महोत्तरीले सप्तरीलाई १४ रनले पराजित गर्दै उपाधी जितेको हो ।

टस जितेर महोत्तरीले पहिलो ब्याटिङ गर्दै निर्धारित २० ओभरमा १ बिकेटको क्षतिमा १ सय ४१ रनको योगफल खडा गरेको थियो । जसमा सिवानी साहले सर्वाधिक ६८ रन बनाउदै अविजित रहीन भने रोजी कडारी ३९ रन बनाएकी थिइन् । बलिङतर्फ सप्तरीकी बन्दना रजकले १ बिकेट लिएकी थिइन् ।

यता जवाफमा सप्तरीले २० ओभरमा ६ बिकेट गुमाएर १ सय २७ रन मात्र बनाउन सफल भएको थियो । जसमा सुमित्रा यादबले ३७, दिपा राम २० अविजित तथा निसु चौधरीले १८ रन बनाएकी थिइन् । बलिङमा महोतरीका गोमा मगर र रोजी कडारी २/२ बिकेट तथा सिवानी साहले १ बिकेट हात पारेकी थिइन् ।

फाईनल खेलका म्यान अफ दि म्याच सिवानी साह घोषित भइन् । प्रतियोगितामा प्लेयर अफ दि सिरिज साक्षी यादब, बेस्ट बलर बन्दना रजक बेस्ट ब्याटर सिवानी साह घोषित भइन् ।

उक्त अवसरमा मधेश प्रदेश सरकारका पुर्व शिक्षामन्त्री महेश प्रसाद यादव, सबल नेपालका अध्यक्ष जुना गिरी, सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिंह, सचिव चन्दनकुमार यादब सदस्यद्वय संजय कार्की, डम्बर नाारायण दास, प्रतियोगिता संयोजक आशिष गुप्ताले बिजेता, उपबिजेतालाई शिल्ड, कप, मेडल प्रमाणपत्र प्रदान गरेका थिए ।

# तरुण दलले मनाए स्थापना दिवस




**दैनिक समाचारदाता**
**राजबिराज, १० कात्तिक ।**

तरुण दल सप्तरीले शनिवार ७२ औं स्थापना दिवस अन्तरक्रिया कार्यक्रम गरि मनाएको छ ।

स्थापना दिवसको अवसरमा प्रमुख अतिथि नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहले नेपाली काँग्रेसले थालेको प्रजातान्त्रिक आन्दोलनमा तरुण दलको भूमिका कसैले पनि विर्सन नहुने बताए ।

उनले सात दशकको इतिहास बोकेको तरुण दलले संगठन विस्तार गरि सक्रियताका साथ देश र जनताको सेवामा लाग्नु पर्ने उल्लेख गरे । 'नेपाली काँग्रेसमा पहिला जस्तै जोश ल्याउनु पर्‍यो, संगठन सुदृढ गर्दै जनताको अपेक्षा अनुसार अगाडी बढ्नु नितान्त आवश्यक छ' सभापति साहले भने ।

यस्तै सोही कार्यक्रममा नेपाली काँग्रेस सप्तरीका सचिव सनत मंडलले पहिलाको तुलनामा अहिले तरुण दलको संगठन कमजोर रहेकोले त्यसलाई बलियो बनाउनु पर्ने बताए । उनले संगठन विस्तार गर्नमा पार्टीको तर्फबाट निर्वाह गर्नुपर्ने भूमिका पार्टी पंक्तिले निर्वाह गर्ने प्रतिवद्धता जनाए ।

तरुण दलका जिल्ला अध्यक्ष अर्जुन कुमार यादवको अध्यक्षतामा आयोजित अन्तरक्रिया कार्यक्रममा नेपाली काँग्रेसका उपसभापति रामकुमार यादव, संगठन विभाग प्रमुख बद्री महात्मान, मुस्लिम संघका महामन्त्री इरसाद अन्सारी, नेवि संघ सप्तरीका सभापति राकेश ठाकुर, नेवि संघका केन्द्रिय सदस्य तिर्थनारायण दास, पार्टीका जिल्ला सदस्य शम्भुलाल देव, तरुण दलका जिल्ला सचिव रबिन्द्र गोइत सहितका वक्ताले तरुण दलको स्थापना दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै तरुण दलको एतिहासिक पृष्ठभूमी र संगठन विस्तार बारे मन्तव्य राखेका थिए ।

# 'सरकारले मधेसको विकासमा उच्च प्राथमिकता दिएको छ'

सिरहा, १० कात्तिक (रासस) ।

पूर्वमन्त्री तथा नेकपा (एमाले)का नेता लिलानाथ श्रेष्ठले वर्तमान सरकारले मधेसको विकासमा उच्च प्राथमिकता दिएको बताउनुभएको छ ।

सिरहाको नवराजपुरमा एमाले गाउँपालिका कमिटीद्वारा विजयादशमी, शुभ दीपावली, छठपर्व तथा इदपर्वको उपलक्ष्यमा आयोजित कार्यक्रममा उहाँले हुलाकी सडक तथा अन्य सडकको कालोपत्र, नाली निर्माण, पालिका भवन निर्माणलगायतका संरचना बनाउन संघीय सरकारले प्राथमिकतामा राखेको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "तराई मधेस समृद्ध कार्यक्रमअन्तर्गत सुनकोसी कमला डाइभर्सन परियोजना अबको लक्ष्य हो । यसबाट मधेसको हजारौं बिघा खेतीयोग्य जग्गा सिँचाइ गरी यहाँका किसानको उत्थान हुने हामीले विश्वास लिएका छौँ ।"

मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले प्रत्यक स्थानीय तहमा सुविधासम्पन्न अस्पताल निर्माण गरी गुणस्तरीय स्वास्थ्य सेवामा प्रदेश सरकार अग्रसर रहेको बताउनुभयो ।

कार्यक्रममा सांसदहर श्यामशङ्कर यादव, गङ्गाप्रसाद यादव, संविधानसभा सदस्य आशाकुमारी यादव, एमाले मधेस प्रदेश अध्यक्ष चन्द्रेश्वर मण्डल, सिरहा नगरपालिकाका प्रमुख डा नवीनकुमार यादव, सुखीपुर नगरप्रमुख रामअवतार यादव ,भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादव, नवराजपुर गाउँपालका अध्यक्ष शिव उदगार यादव, सखुवानन्कारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवलगायत सिरहाको विकासमा एकजुट हुन आग्रह गर्नुभएको थियो ।

***नागरिक समाजले ...***

सहभागीतामा हुलाकी सडक हुँदै निस्किने साइकल यात्राको मानव अधिकारकर्मी कृष्ण पहाडीले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ ।

दलीय भागबण्डा राजनीतिको अपराधीकरण र व्यापारीकरण, संरक्षित भ्रष्टाचारले लोकतन्त्रलाई कमजोर बनाएकाले सचेत नागरिकका तर्फबाट दबाब र आन्दोलन सृजनाका सन्देश बाँड्दै साइकल यात्रा जनकपुर तिर प्रस्थान गर्न लागेको समाजका संयोजक कुमार कमलेन्द्रम्ले जानकारी दिए ।

नागरिक अगुवा बलराम यादवले मुलुकको समाजिक, आर्थिक रुपान्तरणका लागि साइकल यात्रा निस्किन लागेको बताए । अर्का नागरिक अगुवा प्रा. विष्णु नारायण यादवले सचेत नागरिकको हैसियतले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा लोकतन्त्र मैत्री दबाव आन्दोलन स्वरुप साइकल ऱ्याली निस्किन थालेको र जनकपुर पुगेर एक भव्य कार्यक्रम पश्चात समापन हुने जानकारी दिए ।

पत्रकार सम्मेलनमा नागरिक अगुवा प्रा. विष्णु नारायण यादव तथा बलराम यादव समेत सहभागी थिए ।

***राहत वितरणका ...***

माँग गरेका छन् ।

स्थानीयबासी प्रमोद शर्माले वडामा बाडिएको राहत वास्तविक भन्दा गैर बाढी पीडितले बढी पाएको भन्दै सोको छानबिन हुनु पर्ने माग गरे । उनले छुटेका वास्तविक घर परिवारको पहिचान गरी पुनः राहत वितरण प्रक्रिया शुरु गर्नु पर्ने बताए । उनले वास्तविक प्रभावितले राहत पाउनु पर्ने माँग गर्दा स्थानीय डोमी सुतिहारलाई कुटपिट गर्ने वडाअध्यक्षलाई कारबाही हुनु पर्ने माँग समेत गरे ।

गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले कुटपिट तथा राहत वितरण विवादको विषयवारे जानकारी प्राप्त भएको तथा समस्या समाधानका लागि आफुले पहल थालिसकेको जनाएका छन् ।

**जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं**

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, वायोग्यॉस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*